**गौशाला नगरपालिका**

# स्थानीय राजपत्र

खण्डः १०　　　　संख्याः २　　　　मितिः २०८३।०१।१६ गते

## भाग-१

## गौशाला नगरपालिका

### गौशाला नगरपालिकामा शैक्षिक गुठि दर्ता सम्बन्धि कार्यविधि(पहिलो संसोधन), २०८३

गौशाला नगरपालिकामा शैक्षिक गुठीदर्ता सम्बन्धि कार्यविधि, २०८० लाई संसोधन गर्न वाञ्छनीय भएकोले गौशाला नगरपालिका, नगर कार्यपालिकाको मिति २०८३/०१/०९ गतेको निर्णयानुसार यो कार्यविधी जारी गरेको छ ।

## गौशाला नगरपालिकामा शैक्षिक गुठि दर्ता सम्बन्धि कार्यविधि(पहिलो संसोधन), २०८३

**<u>प्रस्तावनाः</u>**

गौशाला नगरपालिकामा शैक्षिक गुठीदर्ता सम्बन्धि कार्यविधि, २०८० लाई संसोधन गर्न वान्छनीय भएकोले गौशाला नगरपालिका, नगर कार्यपालिकाको मिति २०८३/०१/०९ गतेको निर्णयानुसार यो कार्यविधी जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यो कार्यविधिको नाम "शैक्षिक गुठीदर्ता सम्बन्धि कार्यविधि(पहिलो संसोधन), २०८३" राखिएको छ।

ख) यो कार्यविधि नगरपालिकाको वैठकबाट स्वीकृत भएको मिति देखि नगरपालिका भित्र प्रारम्भ हुनेछ।

२. **<u>गौशाला नगरपालिकामा शैक्षिक गुठीदर्ता सम्बन्धि कार्यविधि, २०८० को दफा २ को (ग) र (छ) मा संसोधनः</u>** गौशाला नगरपालिकामा शैक्षिक गुठीदर्ता सम्बन्धि कार्यविधि, २०८० को दफा २ को (ग) र दफा २ को (छ) मा देहाय बमोजिम संशोधन गरिएको छ ।

ग) नगरपालिका प्रमुख भन्नाले "नगर प्रमुख" लाई सम्झनु पर्छ ।

छ) "शैक्षिक गुठि" भन्नाले नीजि वा सार्वजनिक शैक्षिक गुठि सम्झिनु पर्दछ ।

३. **<u>गौशाला नगरपालिकामा शैक्षिक गुठीदर्ता सम्बन्धि कार्यविधि, २०८० को दफा ३ को (ग) मा संसोधनः</u>** गौशाला नगरपालिकामा शैक्षिक गुठीदर्ता सम्बन्धि कार्यविधि, २०८० को दफा ३ को (ग) मा देहाय बमोजिम संशोधन गरिएको छ ।

(ग) नगरपालिकाको शिक्षा शाखा प्रमुख- सदस्य सचिव"

४. **गौशाला नगरपालिकामा शैक्षिक गुठीदर्ता सम्बन्धि कार्यविधि, २०८० मा** "नीजि शैक्षिक गुठि" उल्लेख भएको स्थानहरूमा "नीजि वा सार्वजनिक शैक्षिक गुठि" भनी संसोधन भएको छ ।

**आज्ञाले,**
**ओम बहादुर अधिकारी**
**प्रमुख प्रशासकीय अधिकृत**